प्रसौनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा

मधेश प्रदेश , नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं.:- ९६६

मिति :- २०८०/०५/०१

श्री सरोकारवालाहरु सबै
प्रसौनी गाँउपालिका,बारा ।

**बिषय : औषधि उपचारको लागि नबिकरण तथा आवेदन फारम भर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाण्डौंबाट स्विकृत भएको मृगौला प्रत्यारोपन गरेको, डायलाइसिस गराइरहेको, क्यान्सर रोगी मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०७८ मा उल्लेखित बिरामीहरुलाई मासिक रुपमा रकम रु.५०००/- (अक्षेरपी- पाँच हजार मात्र ।) उपलब्ध गराउने व्यवस्था रहेको हुँदा तपसिल अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको १५ दिन भित्र यस प्रसौनी गाँउपालिकाको स्वास्थ्य शाखा प्रसौनी,बारामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| संलग्न गर्नुपर्ने कागजातहरु | सेवा उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| १.राष्ट्रिय परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>२.नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>३.अनुसुची-१ बमोजिम ढाँचामा चिकित्सकको सिफारिस ।<br>४.मेरुदण्ड पक्षघातको हकमा अपांगता सम्बन्धि प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि ।<br>५.अनुसुची-२ बमोजिम लाभग्राहीको निबेदनको साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।<br>६.सम्बन्धित लाभग्राहीको हिमालयन बैंकमा रहेको खाताको चेकको प्रतिलिपि । | १.नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संस्था वा संगठनबाट रोजगारी,निबृतिभरण वा विदेशी सरकारबाट पेन्सन प्राप्त गरिरहेका व्यक्तिहरु ।<br>२.नेपाल सरकार बाट उपलब्ध गराइदै आएको बिभिन्न समाजिक सुरक्षा भाता पाइरहेका व्यक्तिहरु । |

बोधार्थ :-
श्री वडा कार्यालयहरु सबै-जानकारीको लागि
प्रसौनी गाँउपालिका,बारा ।

२०८०/०५/०१
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत